# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खनदह, अर्घाखाँची
## लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं.

साझेदारी कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।१०।२७

मालारानी गाउँपालिकाले कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरि गाउँपालिका क्षेत्रमा रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवशायको विकास गर्ने उद्देश्यले यस गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०७७ कार्यान्वयनमा ल्याएको छ । यसै कार्यबिधिको अधिनमा रहि आ.व. २०७७।७८ देखि शुरु गरि बहुवर्षिय रुपमा सञ्चालन गरिने मालारानी गाउँपालिका क्षेत्रमा कृषि तथा पशु विकासमा आधारित (बाख्रा साना व्यवशायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, लागत साझेदारीमा भैसी प्रबर्द्धन कार्यक्रम, राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुराउने वाली वस्तुको साना व्यवशायीक कृषि उत्पान केन्द्र ( पकेट ) विकास कार्यक्रम, लागत साझेदारी बाख्रा प्रबर्द्धन कार्यक्रम र एक गाउँ एक उत्पादन कार्यक्रम) परियोजना सञ्चालन गर्नको लागि आवश्यक योग्यता पुगेका इच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० ( तिस ) दिन भित्र तपशिल बमोजिमका विवरणसहित प्रस्तावना पेश गर्न आव्हान गरिएको छ । योग्यता नपुगेका र आवश्यक विवरण संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुने छैन ।

तपशिलः

*१. प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछ।*

क . संस्था स्थापना भई कम्तिमा ५ बर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको ।

ख स्वावलम्वन समूह गठन तथा सामाजिक परिचालनको माध्यबाट सामाजिक पुँजी निर्माण सम्बन्धी काम गरेको ।

ग . सामुदायिक विकास जिविकोपार्जन , महिला सशक्तिकरणको ,क्षेत्रमा काम गरेको ।

घ. कृषि तथा पशुको उत्पादनउत्पादकत्व तथा मुल्यश्रृङ्खलाको क्षेत्रमा अनुभव भएको । ,

ङ . समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवातथा बजारीकरण प्रबर्द्धनमा काम गरको अनुभव भएको ।

च . कृषि तथा पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।

छ . कृषक पाठाशाला तथा समुदायमा आधारित नक्ष्ल सुधार सम्बन्धि कार्य गरेको ।

ज . कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तिका वित्तचित्र निर्माण तथा ,प्रचार सामाग्री , विकासमा काम गरेको अनुभव भएको ।

प्रमुख प्रशासकीय अधिकृत

Email: malaraniruralmun@gmail.com
Website: www.malaranimun.gov.np

झ. कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मुल्याङ्कन सम्बन्धि काम गरेको।

ञ. नेपाल सरकारका विभिन्न निकाय वा स्थानीय वा प्रदेश सरकारसँगको साझेदारी गरि काम गरेको अनुभव भएको।

२. *सञ्चालन खर्चसंस्थाको कार्यालय रहने व्यवस्था ,प्राथमिकता ,०ः*

क. लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले कम्तिमा परियोजना सँग सम्बन्धित सञ्चालन खर्च,कर्मचारीको तलव ) भत्ताआफ (कार्यालय सञ्चालन र व्यवस्थापन आदि ,सुबिधा ,ैले व्यवस्थापन गर्नुपर्ने छ।

ख. संयुक्त उपक्रम (Joint Venture) प्राथमिकता दिईनेछ।

ग. संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि नियमित समन्वय मार्फत कार्यक्रम सञ्चालन गर्नु पर्ने छ।

३. *प्रस्ताव पत्रकासाथ संलग्न गर्नुपर्ने कागजातहरुः*

क. आधिकारिक निकायमा संस्था दर्ता नविकरणको प्रतिलिपि थान १

ख. आ बर्षको २ को लेखा परिक्षण प्रतिवेदन सहित ७७/२०७६ .व.लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि १ १/ थान

ग. स्थायी लेखान्वर र आ वा कर १ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि थान ७७।२०७६.व. चुक्ताको प्रमाणपत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्ने समायाबधि माग गरिएको सक्कल निवेदन १ प्रति

घ. परियोजनाको प्राबिधिक प्रस्तावना र आर्थिक प्रस्तावना गाउँपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०७७ को अनुसूची १ बमोजिमको ढाँचामा अलगअलग खाममा शिलबन्दी गरिएको १प्रति १/

ङ. परियोजनाको प्राबिधिक प्रस्तावना र आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेवसाईट www.malaranimun.gov.np डाउनलोड गरि वा यस कार्यालयबाट प्राप्त गर्न सकिने छ।

च. संयुक्त उपक्रममा प्रस्तावना पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कलै प्रति थान १

छ. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति

पुनश्चः अन्य थप जानकारीको लागि मालारानी गाउँ कार्यपालिकाको कार्यालय ,खनदह अर्घाखाँची , मोबाईल नं. ९८५७०६१४७२ वेभसाईटःwww.malaranimun.gov.np,ईमेलःmalaraniruralmun@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत